# कास्की, गोर्खा, मनाङ र मुस्ताङ जिल्लामा विपद् उद्दार केन्द्र स्थापना गर्ने सम्बन्धी अवधारणा पत्र

१. पृष्ठभूमि

गण्डकी प्रदेश भौगोलिक विविधता भएको प्रदेश हो । यसको भौगोलिक विविधतासंग विपद्का घट्नाहरुको विविधता समेत जोडिएको छ । यसको अर्थ तराई र पहाडका अतिरिक्त हिमाली क्षेत्रमा सिर्जना हुने विपद्का घटना समेत यस प्रदेशले समय समयमा सामना गर्दै आइरहेको छ । हिम पहिरो, भारी हिमपात, हिमताल विष्फोटन लगायत हिमाली क्षेत्रका केहि विपद् जन्य घटनाका उदाहरण हुन् ।

बढ्दो तापक्रम र मौसममा आएको परिवर्तनका कारण मुख्यत हिमाली क्षेत्रमा जोखिमको दर बढ्दै गएको छ । जोखिमको बढ्दो सम्भावनाले यसको न्यूनीकरणका लागि थप लगानी र पूर्वतयारीका कार्यहरुको आवश्यकता महसुस भएको छ ।साथै हिमाली क्षेत्रका स्थानीय बासिन्दा र पर्यटकहरुको सुरक्षाका लागि पनि जोखिम न्यूनीकरणका क्षेत्रमा लगानी गर्न अत्यावश्यक छ ।

गण्डकी प्रदेशका हिमाली जिल्लाहरु मध्ये पर्यटकीय दृष्टिकोणले सबैभन्दा धेरै पर्यटक भ्रमण गर्ने र सबैभन्दा जोखिमपुर्ण मानिएका कास्की, गोर्खा, मनाङ र मुस्ताङ जिल्लाका हिमाली पदमार्गहरुलाई लक्षित गरी तत्काल उद्दार केन्द्रहरु स्थापना गर्न जरुरी देखिएको छ ।यसका लागि प्रदेश सरकारको मुख्य संयोजन र पर्वतारोहणका क्षेत्रमा कृयाशील संघसंस्था, सम्वन्धित जिल्ला प्रशासन कार्यालयहरु, जिल्ला प्रहरी कार्यालय, र हिमाली क्षेत्रलाई केन्द्रमा राखेर काम गर्ने सरोकारवाला संघ संस्थाहरुको सहकार्यमा आपत्कालिन उद्दार केन्द्रहरु स्थापना गर्न जरुरी देखिन्छ ।

## २. उदेश्य

(क) हिमाली क्षेत्रमा विपद् जन्य घटनाको जोखिम न्यूनीकरण तथा पूर्वतयारीलाई प्रभावकारी बनाउने,

(ख) विपद् जन्य घटनामा परेकाहरुलाई तत्काल उद्दार गरी प्राथमिक उपचार गर्ने व्यवस्था मिलाउने,

(ग) भौगोलिक विकटता र मौसमका कारण विपद्जन्य घटनामा उद्दार कार्यमा हुने असहजता र ढिलाईलाई समाधान गर्ने ।

## ३. बजेट र बार्षिक कार्यक्रमको अवस्था

प्रदेश सरकारको बार्षिक विकास कार्यक्रमको कोड नं ८.९.१.२, खर्च शिर्षक नं २८९११, मा विपद् उद्दार केन्द्र स्थापना (गोरखा, मनाङ र मुस्ताङ) शिर्षकमा रु १,५०,००,०००(अक्षरुपी रु एक करोड पचास लाख रुपैया) विनियोजन भएको छ। साथै सोही खर्च शिर्षक अन्तर्गत रहेर गण्डकी प्रदेश सरकार मन्त्रिपरिषदले अनुमोदन गरेको बार्षिक कार्यक्रम कार्ययोजनामा फागुन देखी असार महिना सम्म उक्त कार्यक्रम कार्यान्वयन गर्ने उल्लेख भएको छ ।

## ४. आवश्यक पूर्वाधार

(क) आपतकालिन उद्दार केन्द्रमा उद्दारकर्मी र स्वास्थ्यकर्मीको उपस्थिती अनिवार्य भएकाले दुवै निकायमा अनिवार्य रुपमा अन्तर निकाय समन्वयको व्यवस्था मिलाउनुपर्ने,

(ख) हेलिकोप्टरबाट उद्दार गर्नुपर्ने घाइते तथा विरामीहरुलाई उपचारका लागि तत्काल लैजान नसकिने अवस्थामा उद्दार केन्द्रमानै आधारभुत उपचारका लागि ल्याण्ड गर्न सक्ने हेलिप्याडको व्यवस्था गर्नुपर्ने,

(ग) विपद्को सूचना सम्प्रेषण तथा आपतकालिन उद्दारका लागि सहयोग माग गर्नुपर्ने प्रयोजनका लागि अत्यन्त चिसो क्षेत्रमा समेत नियमित रुपमा सञ्चालन हुन सक्ने आधुनिक सञ्चार प्रणालीको व्यवस्था मिलाउनुपर्ने,

(घ) हिमाली क्षेत्रमा हुनसक्ने सम्भावित दुर्घटनाका लागि सोही प्रकारको खोज तथा उद्दार उपकरण, लत्ता कपडा, सञ्चार सेट, लगायतका उपकरण र उद्दार पछी घाइते तथा विरामीहरुको आधारभूत उपचारका लागि औसधी, अक्सिजन सिलिन्डर, प्राथमिक उपचारका सामग्रीहरु, लगायतको व्यवस्था हुनुपर्ने,

(ङ) हिमाली क्षेत्रमा छिटो छिटो मौसम परिवर्तन भइरहने र सो सँग हिमपहिरो भारी हिमपातजस्ता विपद्का घटना हुनसक्ने भएकाले पर्यटक तथा स्थानीय बासिन्दा अकस्मात दुर्घटनामा पर्ने जोखिम रहेको अवस्थामा मौसमको पूर्वानुमान तथा पूर्व सूचना प्रणालीले जोखिमको दर घटाउन निकै महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ। यसैले यस्ता पूर्व सूचना प्रणालीहरुको समेत व्यवस्था गर्नुपर्ने देखिन्छ।

## ५. स्थान छनौंट गर्दा ध्यान दिनुपर्ने पक्षहरु

(क) कास्की, गोर्खा, मनाङ र मुस्ताङ जिल्ला विशेषत पर्यटकीय आकर्षणको दृष्टिकोणले तुलनात्मक रुपमा पर्यटकहरुको धेरै भ्रमण हुने जिल्लाहरु हुन। पदयात्रामा जाने पर्यटकहरुको संख्या अधिक हुने गरेकाले हिमाली क्षेत्रमा हुने विपद्का घटनामा सम्भावित मानवीय क्षतिको जोखिम यि जिल्लाहरुमा उच्च भएको हो ।यसैले आपत्कालिन उद्दार केन्द्र स्थापना गर्दा उपरोक्त जिल्लाका दुर्गम पदमार्गहरुलाई पहिलो चरणमा सम्वोधन गर्नु उपयुक्त हुने देखिन्छ ।

(ख) आपतकालिन उद्दार केन्द्र स्थापनाका लागि स्थानको चयन गर्दा विगतमा भएका दुर्घटनाका अवस्थालाई समेत मध्यनजर राख्न उपयुक्त हुन्छ । पटक पटक दुर्घटना भएका क्षेत्रहरु र दुर्घटनाका सम्भावित क्षेत्रलाई ध्यानमा राख्दै त्यस्ता क्षेत्रमा सिघ्र उद्दारको व्यवस्था हुन सक्ने गरी पायक पर्ने स्थानमा आपतलिन उद्दार केन्द्र स्थापना गर्नु आवश्यक हुन्छ ।

(ग) स्थानको छनौट गर्दा स्थानीय प्रहरी र स्वास्थ्य संस्थासँग समन्वय गर्न सकिने स्थान पहिचान गर्नु अत्यावश्यक छ । उद्दार र उपचारमा स्वास्थ्य संस्था र प्रहरीको भूमिका सबैभन्दा महत्वपूर्ण हुने हुनाले त्यस्ता निकाय भएको वा त्यस्ता निकायको पायक पर्ने स्थान छनौट गर्नु पर्नेछ ।

६. कार्यक्रम कार्यान्वयनको प्रारुप

आन्तरिक मामिला तथा कानून मन्त्रालय अन्तर्गत हालसम्म आफ्नै मातहतका संरचना नरहेको अवस्थामा साविकमा विपद्जन्य घटनाको राहत तथा उद्धार कार्यमा जिम्मेवार निकाय मार्फतनै उक्त कार्य गर्न उपयुक्त हुने देखिन्छ । यसका लागि जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयहरु सबैभन्दा उपयुक्त निकाय हुन सक्छन ।

आपतलिन उद्धार केन्द्र स्थापनाका लागि माथी प्रस्तुत गरिए बमोजिमका स्थान पहिचान गरी नेपाल प्रहरी लगायतका सरोकारवाला निकायहरुसँगको परामर्शमा कार्य अघि बढाउन सम्वन्धित जिल्ला प्रशासन कार्यालयहरुलाई लेखा राख्ने र लेखापरिक्षण समेत गराउने गरी विनियोजित बजेट रकम अख्तियारी प्रदान गर्न उपयुक्त हुने देखिन्छ ।

७. कार्यक्रमबाट लाभान्वित पक्ष

(क) हिमाली क्षेत्रमा बसोबास गरिरहेका स्थानीय बासिन्दाहरु हिमाली दुर्घटनाका पहिलो जोखिमयुक्त समुह हुन् ।आपतकालिन उद्धार केन्द्रबाट पहिलो लाभान्वित पक्ष स्थानीय बासिन्दा हुनसक्छन ।

(ख) बर्षेनी पदयात्रामा जाने पर्यटकहरु प्रत्येक बर्ष साना ठूला दुर्घटनामा पर्ने गरेको अवस्था छ । उनिहरुको खोज तथा उद्धारमा बर्षेनी लाखौं रुपैया खर्च समेत भइरहेको छ ।आपतलिन उद्धार केन्द्रबाट यसरी पदयात्रामा जाने पर्यटकहरुलाई सुरक्षाको प्रत्याभूति दिलाउन सकिन्छ ।

(ग) गण्डकी प्रदेशको पर्यटन व्यावसायको आधार यहाँ रहेका हिमालहरु नै हुन् ।हिमाली क्षेत्रको पर्यटन सुरक्षित हुँदा व्यावसाय प्रवर्दनका लागि धेरै सहज हुने देखिन्छ । साथ साथै व्यावसायको प्रवर्दनसँगै राजश्व समेत जोडिएको हुनाले समग्र पर्यटन व्यावसाय र सरकार आफै समेत यसबाट लाभान्वित हुन सक्ने देखिन्छ ।

## ८. अपेक्षित नतिजा

(क) आपतकालिन उद्दार केन्द्रको स्थापना पछी हिमाली क्षेत्रमा हुने विपद्जन्य घटनामा उद्दार कार्यका लागि थप सहज हुनेछ,

(ख) विपद्का घटनाबाट उद्दार गरिएकाहरुलाई तत्काल उपचारको व्यवस्था गरी मानवीय क्षतिको जोखिम न्यूनीकरण गर्न मद्दत पुग्नेछ,

(ग) विपद्जन्य घटनाको अवस्थामा सञ्चार प्रणालीको उपयोगबाट जिल्ला सदरमुकाम, प्रदेशको राजधानी तथा देशको राजधानी लगायत सुविधायुक्त क्षेत्रबाट थप मद्दत प्राप्त गर्न सहज हुनेछ,

(घ) सम्भावित विपद्को जोखिम न्यूनीकरण भई स्थानीय बासिन्दा तथा पर्यटकहरुले सुरक्षाको अनुभूती गर्नेछन जसले गर्दा विश्वभर सकारात्मक सन्देश प्रवाह हुनेछ,

(ङ) पदयात्रामा जाने पर्यटकहरुको संख्या वृद्दी भइ समग्र पर्यटन व्यावसायमा सकारात्मक प्रभाव पर्नेछ भने पर्यटनलाई दिगो, भरपर्दो र सुरक्षित आर्थिक श्रोतका रुपमा विकास गर्ने सरकारको उदेश्यमा टेवा पुग्नेछ ।

## ९. अनुगमन र मूल्यांकन

विपद् उद्दार केन्द्र निर्माणको क्रममा सम्वन्धित जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय र आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट अनुगमन र मूल्यांकन हुनेछ ।